**बहुपतिप्रथाबाट पीडित महिलाहरू सुधार चाहन्छन्**
राजन रावत

हुम्ला जिल्ला सिमिकोट गाउँ विकास समिति वडा नं. ८ की पाङ्लिा लामाका पाँचवटा श्रीमान् छन् । पाँचवटा श्रीमान् हुनु उनको रहर नभएर पारम्परिक बाध्यता हो । बहुपतिप्रथाले नराम्रोसँग गाँजेको हुम्लाको लामा समुदायका महिलाहरू परम्परालाई निरन्तरता दिने बाध्यतामा एकभन्दा बढी पुरुषका श्रीमती बन्न पुग्छन् । पाङ्लिा भन्छिन्–बहुपतिप्रथामा सहमति नहुँदा-नहुँदै पनि बाध्यतामा पर्नुपरेको छ ।

पाङ्लिाका अनुसार बहुपतिप्रथामा एउटा घरमा रहेको जेठो दाजुले बिहे गरेकी महिलालाई नै अन्य भाइहरूले पनि श्रीमतीको रूपमा स्वीकार गर्दै जानुपर्दछ । यसरी भाउजूलाई नै श्रीमतीको रूपमा स्वीकार गर्नुपर्ने बाध्यताका कारण लामा समुदायमा एउटै महिलाका १० वटा श्रीमान्सम्म हुन्छ । किनकि लामा समुदायमा १० भाइसम्मको जन्मलाई साधारण नै ठान्दछन् ।

पाङ्लिाले पनि बिहेवारी भएको श्रीमान्सहित अन्य चारजना देवरहरूलाई श्रीमान्को रूपमा स्वीकार गर्नुपरेकाले उनका पाँचवटा श्रीमान् भएका छन् । हाल ४५ औं बसन्त पार गरिसकेकी पाङ्लिाको १७ वर्षको उमेरमा नै बिहे भएपछि जन्मिएको जेठो छोरो र देवर (कान्छो श्रीमान्) को उमेर बराबर छ । “छोरा समानको देवरलाई श्रीमान् स्वीकार गर्न कसलाई मन पर्छ र ? तै पनि बाध्यतामा परेपछि स्वीकार नगरेर के गर्ने ?”– पाङ्लिा प्रश्न गर्छिन् ।

हुम्ला जिल्लाकै बरगाउँ गाविस वडा नं. ३ की कमला लामाले पनि आठवटा श्रीमान्लाई स्वीकार्दै दैनिक जीवनचक्र अघि बढाइरहेकी छिन् । चार वर्षअघि २१ वर्षको उमेरमा परिवारको जेठो छोरासँग बिहे भएदेखि नै उनले अन्य सात भाइ देवरहरूलाई पनि श्रीमान्को रूपमा स्वीकार गर्नुपरेको हो । आठवटा श्रीमान्की श्रीमती कमला पनि यस प्रथादेखि सन्तुष्ट छैनन् । तर, यसप्रथाले सामूहिक जिम्मेवारी र उत्तरदायित्व बढाउने भएकाले आर्थिक उन्नति हुन्छ भन्ने कुरामा चाहिं कमला सहमति प्रकट गर्छिन् । बहुपतिप्रथाले आर्थिक उन्नति हुन्छ भन्दैमा त्यस प्रथालाई निरन्तरता दिन नहुने धारणा व्यक्त गर्दै कमला भन्छिन्– बहुपतिप्रथामा सुधार गरेर एकलपति प्रथा काम गरिनुपर्दछ ।

हेक्पा गाउँ विकास समितिका तारा लामामा पनि अहिले सातवटा श्रीमान्की श्रीमती बनेर दैनिक गुजारा टार्नुपर्ने जिम्मेवारी छ । माध्यामिक विद्यालयस्तरसम्मको शिक्षा हासिल गरेकी तारा जिन्दगीमा सोच्दै नसोचेको कुरा भोग्नुपरेकोमा आफूलाई दुःख लागेको गुनासो पोख्छिन् । थोरै भए पनि शैक्षिक चेतना भएकी ताराले सुरुमा बहुपतिप्रथाको बारेमा नकारात्मक धारणा राखे पनि पारम्परिक बाध्यताले आफ्नो धारणा बदल्न करै लागेको बताउँछिन् । सातवटा श्रीमान् भएकाले बच्चाहरू पनि कसका हुन् भनेर पत्ता लगाउन गाह्रो भएको कुरा उनी बताउँछिन् । लामा समुदायमा रहेको बहुप्रतिप्रथाअनुरूप जतिसुकै श्रीमान् भए पनि र जसको बच्चा भए पनि उक्त बच्चाले जेठोबाबुलाई मात्र बाबु भन्ने र बाँकी सबैलाई काका भन्नुपर्ने बाध्यता छ । भलै उक्त बच्चा कान्छो भाइको नै कि नहोस् ।

ठिहे गाविस वडा नं. ७ दोजाम गाउँकी डोल्मा लामालाई चाहिं सुरुमा यो परम्परा मन परे पनि हाल उनी बहुपतिप्रथाको पारिवारिक जीवनबाट बाहिरिएकी छिन् । परम्परालाई स्वीकार गर्दै सुरुमा डोल्माले चारवटा पतिलाई स्वीकार गरिन् र केही वर्षसम्म बहुपतिप्रथाको पारिवारिक वातावरणमा रमाइन् पनि । तर उनलाई सो पारिवारिक रमझमले धेरै समयसम्म खुशी पार्न सकेन र अन्ततः पारिवारिक रमझमबाट बाहिरिएर हाल माइतीमा जीवनयापन गर्दैछिन् । उनी भन्छिन्– परम्परा ठीक लागेन । चारजनालाई श्रीमान् स्वीकार्नुपर्ने भएकाले साह्रै अप्ठ्यारो भयो । बहुपतिप्रथाबाट बाहिरिनुको कारणबारे खुलस्तसँग नभने पनि डोल्माले चारवटा श्रीमान् भएको र आफू शारीरिक कमजोर भएको कुरा व्यक्त गरेर धेरैजनासँग यौनसम्पर्क गर्दा अप्ठ्यारो पनि भएको बताइन् ।

यसरी हुम्लाको लामा समुदायमा बहुपतिप्रथाको मारमा परेका पाङ्लिा, कमला, तारा र डोल्माजस्ता महिलाहरू धेरै छन् । तर, बहुपतिप्रथाले पीडित भएका यी सबै महिलाहरू परम्परामा सुधार चाहन्छन्, बहुपतिहरूको आलिङ्गनबाट उम्किन चाहन्छन् । बहुपतिहरूको पीडाबाट मुक्ति खोजेका यी महिलाहरू एकलपतिप्रथा हुनुपर्ने कुरामा जोड दिन्छन् । तर, पनि उनीहरू परम्परालाई तोड्न सक्दैनन् । बाध्यता र विवशताको दोसाँधमा परेर नै पाङ्लिा, कमला, तारा र डोल्माजस्ता महिलाहरू बहुपतिप्रथालाई निरन्तरता दिन पुग्दछन् । यौन रोग के हो ? भन्ने कुरा थाहा नपाएका लामा समुदायका महिलाहरू शैक्षिक जनचेतनाको कमीले नै परम्परालाई निरन्तरता दिदै आएका छन् । अहिलेदेखि नै परम्परामा सुधार चाहिरहेका लामा समुदायका महिलाहरूलाई अलिकति मात्र जनचेतना जगाए पनि समस्याबाट बाहिरिन सजिलो हुने धारणा समाजशास्त्रीहरूको छ । यस्तो परम्परालाई निरन्तरता दिन नहुने कुरा पनि समाजशास्त्रीहरू बताउँछन् । त्यस्तै यस परम्पराले विभिन्न किसिमका यौनरोगहरू फैलिने संभावना भएकाले चिकित्सकहरू पनि यस्तो परम्परालाई जतिसक्दो छिटो परिवर्तन गर्नुपर्ने विचार व्यक्त गर्दछन् ।

**महिलाका लागि पुनर्विवाह : धर्ममा छुट भए पनि कानुनमा निषेध**
लोचना शर्मा

विद्यमान कानुनहरूमा महिलाको विवाह एकपटकभन्दा बढी हुनै सक्दैन र त्यो भएमा गैरकानुनी मानिने छ भन्ने धारणा र व्यवस्था रहे पनि हिन्दू धर्मशास्त्रहरूमा नारीलाई पुनर्विवाह गर्नका लागि निर्धक्क अधिकार दिइएको पाइन्छ ।

स्त्री संसर्ग नभईकन अथवा अर्को पुरुषसँग संसर्ग गरेरै आएकी भए पनि पहिलेको पतिद्वारा पुनर्विवाहको लागि योग्य ठहरिन्छे । महिलाको पुनर्विवाहको सन्दर्भमा मनुस्मृतिको उक्त व्यवस्थालाई बृहस्पति स्मृतिले अझ खुकुलो तुल्याइदिएको देखिन्छ । जसमा पुनर्विवाह गर्ने-नगर्ने सम्बन्धमा स्वयं विधुवाहरूको इच्छालाई सर्वोपरी स्थान दिँदै यसरी वर्णित गरिएको छ ।

विवाहेच्छा यदा स्त्रीणां भतृनासे प्रजायते ।

पुनरक्षत योनिनां विवाहकरणं मतम् ।

अर्थात् पति मरेपछि जुनबेला विवाह गर्ने इच्छा हुन्छ त्यही बेला नै पति सम्पर्क नभएकी स्त्रीको पुनर्विवाह हुन्छ भनिएको छ बृहस्पति स्मृतिमा ।

प्रसंगवश यदि पतिबाट गर्भाधान हुन नसकेको अवस्थामा पतिको सहमतिबाट आफ्नै देवरबाट पनि गर्भाधान गराउन पाइने कुरा याज्ञवल्क्य स्मृतिमा लेखिएको कुरा अविष्मरणीय छ ।

हिन्दू नारीहरूलाई पतिव्रता हुनुपर्ने कुराको दुहाई दिँदै धर्मका ठेकेदारहरू पतिले जस्तोसुकै व्यवहार गरे पनि घर्ती झैं सहनशील बन्नुपर्छ भनेर आशीर्वाद दिन्छन् जसको प्रत्यक्ष प्रभाव शहरका संभ्रान्त महलदेखि गाउँका झुप्राझुप्रीका महिलामा समेत परेको हुन्छ ।

हाम्रा धर्मशास्त्रहरूले चाहिं नारीहरूलाई पतिले जस्तोसुकै व्यवहार गरे पनि त्यसलाई सहेरै बसिरहन भनेको छैन । यदि पति पतित, निच र पाखण्डी भएमा पत्नीले त्यस्ता पतिलाई त्याग्न सक्ने अधिकारसमेत दिइएको छ कौटिल्य अधिकरणमा ।

हिन्दू धर्मशास्त्रहरूले दिइएको पुनर्विवाहको अधिकारबाट अहिलेसम्म महिलाहरू वञ्चित छन् । व्यावहारिक रूपमा महिलाहरूको पहिलो पारिवारिक विवाह सफल वा सम्भव नै नभएपछि हुने पुनर्विवाहलाई विवाहको मान्यता नदिई जारी वा पोइलको संज्ञा दिइएको छ, कानुनमा र व्यवहारमा पनि ।

समाजको संरचना स्त्री-पुरुष दुवैको सहयोगबाट हुन्छ । यिनीहरू समाजरूपी रथका दुई पाङ्ग्रा हुन् । तथापि समाजमा स्त्री र पुरुषको जीवनलाई हेर्ने दृष्टिकोण फरकफरक छ । विवाहअघिको पुरुषको जीवनलाई आधा जीवन मानिन्छ र भनिन्छ-अविवाहित व्यक्ति पूर्ण रूपमा व्यावहारिक व्यक्ति बनेकै हुँदैन ।

एउटा पूर्ण जीवन यापन गर्नका लागि स्त्री र पुरुष दुवै उत्तिकै पूरक हुन्छन् । तर जब कुनै पुरुषकी स्वास्नी मर्छे त्यति बेला नै उसलाई पुनर्विवाह गर्न समाजले अधिकार दिन्छ । घाटको एक छेउमा श्रीमतीको लाश जलिरहेकै अवस्थामा महिलाहरूबीच नै उसको पुनर्विवाहको लागि मृतकका नातागोतामा सालीहरू छन् कि छैनन् नत्र कोसँग विवाह गरिदिने, छोराछोरीको विजोग हुने भने भनी अर्को छेउमा गानगुन भएका उदाहरणहरू प्रशस्त मत्रामा भेटिन्छन् । श्रीमतीको काजक्रिया सकिनेबित्तिकै उसको उमेर पचास वर्ष नाघेकै भए पनि उसको पुनर्विवाह हुन्छ । यसले पहिलो विवाहलाई सहजै ढंगले भुलिदिन्छ र नयाँ जीवन जीउन सुरु गर्छ ।

तर त्यही समाजमा लोग्ने मर्‍यो भने विधवाको उमेर बीस वर्ष भए पनि उनले बाँकी जीवन एक्लै कसरी बिताउँछिन् भनी कुनै मलामीहरूको ध्यान जाँदैन ।

उल्टो भोलिका दिनहरूमा अन्य लोग्ने मानिसहरूसँग हाँसेको-बोलेको पाउनासाथ नानाथरीका कुराहरू काट्न थालिन्छ । अझ ती विधवाले रातो चुरा, लुगा लगाउँछु भन्ने आशय प्रकट गरिन् भने उनलाई हेर्ने समाजको दृष्टिकोण पापिष्ट नै बनिदिन्छ । स्वास्नी मर्दा साली विवाह गराइदिने समाज लोग्ने मर्दा देवरसँग पुनर्विवाह गराइदिन किन असमर्थ हुन्छ ?

तर समाजमा रहेको धार्मिक र पुरातनवादी कानुनी घेरालाई तोडेर विवाहका सम्बन्धमा महिलाहरूले केही उदाहरणीय कदमहरू पनि चालेका छन् । त्यस्ता कमदहरूलाई केही पुरुषहरूले पनि सुपाच्य बनाउनका लागि व्यावहारिक सहयोगसमेत गरेका छन् ।

केही वर्षअघि झापा कोहबरा ७ की विमला अधिकारीले आफ्नो पहिलो विवाह असफल भएपछि पुनः आँगनमा यज्ञ बनाएरै विवाह गरिन् । हाम्रो समाज र कानुनले महिलाहरूको दुईपटक विवाह हुनै नसक्ने धारणा राखेकाले पहिला त बाम्हणहरूले पनि 'यज्ञ बनाएरै दुई-दुईपटक विवाह गर्न मिल्दैन' भनी वैदिक विवाह गराउन मानेनन् । तर नजिकका तिम्सिना गुरुले भने त्यस कुरालाई टेरेनन्, आफैं यज्ञकुण्डको अग्नि छेउमा बसेर शुभविवाह गराइदिए ।

यस्तो विधि र रीतले नदिएको काम गर्दा भलो हुँदैन, सफल हुँदैन भन्दै थिए गाउँलेहरू तर, उनीहरूले आजसम्म त्यो विवाहकै कारणले कुनै दुःख पाएका छैनन् ।

यसैगरी रामेछाप बेथान गाविसस्थित डिलबहादुर खत्रीकी छोरी कल्पना खत्रीको विवाह काभ्रेका एकजना राय थरको केटासँग भएको थियो । विद्यालयमा पढ्दापढ्दैकी कल्पना आफ्नो विवाह भएको करिब डेढ वर्षपछि नै माइत बस्न आइन् । त्यसैबीच घरकै काममा व्यस्त कल्पनाका पतिको माओवादी गतिविधिका कारण मृत्यु भएकाले उनी विधवा बनिन् । त्यसपछि कल्पना आफ्नो विधवापन लिएर बेथान स्कुलमा कक्षा नौमा भर्ना हुन पुगिन् र पुनः अध्ययनरत रहेकै बेला आफ्नै गाउँका नवराज खड्कासँग पुनः विवाह गरिसकेकी छन् ।

विमला र कल्पनाजस्ता धेरै महिलाहरूले बाल्यकालमा विधवा हुनुपरेका धेरै घटनाहरू हामी दिनहुँजस्तो देख्छौं । तर, पुरुषले जस्तै महिलाहरूले पनि पुनर्विवाह गर्न पाउनुपर्छ भन्ने आवाज कमै मात्र सुन्न पाइन्छ ।

**महिनावारीलाई हेयको दृष्टिकोणबाट हेर्दा**
नरहरि आचार्य

रौतहट जिल्लाअन्तर्गत पर्ने सन्तपुर गाउँ विकास समिति वडा नं. ५ मा मध्यमपरिवारमा जन्मिएकी सीता दाहाललाई १४ वर्षको कलिलो उमेरमा नै प्रथम रजस्वला (महिनावारी) भयो ।

हाम्रोजस्तो कु-संस्कार र कुप्रथाले जकडिएको समाजमा प्रथमपटक रजस्वला (महिनावारी, नछुने) भएमा युवती (महिला) हरूलाई छुन त के हेर्नसमेत नहुने भन्ने धारणा अझै विद्यमान छ । फलस्वरूप उनलाई २२ दिनसम्म छिमेकीको घरको गोठमा घामको मुखसमेत देख्न नसक्ने गरी लुकाएर राखियो । गोठ भन्नेबित्तिकै हाम्रो मस्तिष्कले त्यहाँ प्रकाश नछिर्ने, फोहोर, अँध्यारो, झिंगा, लामखुट्टे र गाईभैंसी हुन्छ भन्ने स्मरण गर्दछ ।

उनी यो अवस्थाम गोठमै बिमारी भइन् । २२ दिन नपुगेकाले धामीझाँक्री बोलाउर फुकफाक गरिए तापनि बिसेक हुन सकेन । सो अवधि पूरा भएपछि उपचारार्थ नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा लैजाँदा उपचारमा संलग्न डाक्टरले जण्डिस भएको बताए । उपचार र धेरै दिनको आरामपछि उनको स्वास्थ्य ठीक अवस्थामा बल्ल आइपुग्यो ।

सीता दाहालजस्ता कैयौं युवतीहरूले हिन्दू समाजको परम्परा कायम राख्ने बाध्यतामा रजस्वला हुँदाको अवस्थामा विभिन्न किसिमका संकटहरूको सामना गरिरहेका छन् । धेरै दिनसम्म फोहोर, दुर्गन्धित गोठ, कोठा र खोरहरूमा लुकेर बस्नुपर्दा त्यसबेला महिलाले कठोर शारीरिक तथा मानसिक यातनालाई भोग्नुपर्ने हुन्छ ।

परम्परावादी सामाजिक संस्कारले गर्दा प्रथम रजस्वला हुँदा युवतीलाई दाजुभाइ र अन्य मानिसलाई हेर्न नहुने, मठमन्दिर नजिक जान नदिने र गाईभैंसीको दूध, दही खानबाट समेत प्रतिबन्ध लगाइने गरेको पाइन्छ ।

समाजकै शिक्षित भन्नेहरूले पनि रजस्वला भएका महिलाहरू (दिदी, बहिनी, बुहारी, नन्द, छोरी) लाई घरमा अनिष्ट हुन्छ भन्ने डरले गर्दा अँध्यारो, फोहोर गोठ र खोरमा राख्ने गर्दछन् । अझ नेपालकै सुदूरपश्चिमका पहाडी जिल्लाहरूमा त नछुने भएका युवतीहरूलाई छाउपडी गोठमा लुकाएर राखिन्छ । ती जिल्लाहरूमा रहेका छाउपडी गोठ अत्यन्त साँघुरा, प्रकाश नछिर्ने र सुत्दा चलमलाउन नसकिने खालको हुने कुरा डोटी जिल्लामा कार्यरत पत्रकार राजकुमार खड्का बताउनुहुन्छ । उहाँका अनुसार प्रसूति हुँदासमेत महिलालाई सफा सुग्घरमा बसाउनुपर्ने र पौष्टिकयुक्त खाना दिनुपर्नेमा त्यो नदिई सात दिनसम्म लगातार अँध्यारो कोठामा लुकाएर राखिन्छ । नछुने भएका महिलाहरूले प्रयोग गर्ने भाँडाकुँडा तथा लत्ताकपडा अरूले छुन नहुने कथन विद्यमान छ । यस्तो यातनादायी सामाजिक मान्यताविरुद्ध संघर्षमा उत्रने वर्ग नै समाजबाटै तिरस्कृत हुने डर अझै छ । जिल्ला जनस्वास्थ्य कार्यालय रौतहटका अधिकृत डा. विनय मानन्धर यौन अवस्थामा पुगेपछि रजस्वला हुनु प्राकृतिक र जैविक प्रक्रिया

भए तापनि सामाजिक कुसंस्कारले गर्दा अन्धविश्वास हट्न सकेको छैन भन्नुहुन्छ । उहाँ एक स्वास्थ्य सर्वेक्षणबाट महिनावारी र सुत्केरी भएका महिलाहरूको सबै किसिमको शारीरिक सुरक्षा त्यस समयमा हुन नसकेमा दीर्घरोगी र मानसिक रोगी हुने तथ्य प्रमाणित भएको छ भन्नुहुन्छ ।

चन्द्रनिगाहपुर नमूना गाउँ विकास समिति वडा नं. ५ कि महिला जनप्रतिनिधि यमुना पौडेल रजस्वला भएको दुई दिनदेखि लगातार नुहाइरहनुपर्ने चलन आफ्नो समाजमा रहेको उल्लेख गर्नुहुन्छ । उहाँ त्यस समयमा घरकै सदस्यले चिसो भइसकेको खाना थोत्रो थाल र पातमा दिने, लुगा पनि मैलो र फाटेको दिने गरेको बताउनुहुन्छ । परम्परागत रीतिरिवाजहरूलाई आँखा चिम्लेर एक्काइसौं शताब्दीमा हिंडिरहेको समाजले स्वीकार गर्दै जाने हो भने यस्ता कुप्रथाले हामीलाई पुनः आदिमकालमा पुऱ्याउने कुरामा उहाँ जोड दिनुहुन्छ ।

प्रमुख जिल्ला अधिकारी आनन्दराज पोखरेल सामाजिक व्यवहार सुधार ऐन, २०३३ लागू भएको धेरै समय बितिसके तापनि महिनावारी भएका महिलाहरूलाई हेर्ने र छुन नहुने कुप्रथा अन्त्य गर्न नसकिएको बताउनुहुन्छ । उता अन्तर्राष्ट्रिय गैरसरकारी संस्था प्लान इन्टरनेशनलमा रही महिलाहरूको स्वास्थ्य र सरसफाइसम्बन्धी केही वर्षअघिदेखि अनुसन्धान गर्दै आउनुभएका डा. ऋषिराज अधिकारी पहिलोपटकको रजस्वला हुँदा पोषणयुक्त खाना र सहयोगको अत्यन्त आवश्यकता पर्दछ तर त्यसप्रति ग्रामीण समाजका अभिभावकहरूले कत्ति पनि ध्यान नदिएको बताउनुहुन्छ । प्रजिअ पोखरेलको भनाइ छ– सामाजिक विसंगतिको रूपमा रहेका यस्ता कुप्रथालाई हटाउन स्पष्ट ऐन-कानुनको आवश्यकता पर्दछ र ऐन-कानुनलाई प्रत्यक्ष व्यवहारमा उतार्न ठोस एवं प्रभावकारी कदम चाल्ने निकाय किटान हुनुपर्छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ४ अन्तर्गत व्यवस्था गरिएको राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमा पर्ने धारा २६ को उपधारा ७ ले महिला वर्गको शिक्षा, स्वास्थ्यको विशेष व्यवस्था गराउने नीति राज्यले अवलम्बन गर्ने र यसको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ भनी स्पष्ट व्याख्या गरेको छ । यो नीति कागजमा उल्लेख गरिएको छ तर माथिका जस्तै कुप्रथा र कुसंस्कार हटेका छैनन् बरु बढेकै छन् । विशेष कार्यक्रममार्फत सरकार र महिलावादी संस्थाले ग्रामीण समाजमा यस सम्बन्धमा विभिन्न कार्यक्रममार्फत चेतना जागृत गराउनुपर्ने आवश्यकता महसुस गरिएको छ ।

**फुटपाथका मगन्ते बालबालिकाप्रति सरकारी निकाय मौन**
भरतमणि ज्ञवाली

बाबालाई सञ्चो छैन, आमाको एउटा खुट्टा नै छैन, दिनभरि मागेर जम्मा परेको पैसाले खाना खर्च र कोठा भाडा तिर्ने गर्छौं– धनुषा जिल्ला जनकपुर नगरपालिका वडा नं. १ घर भएको बताउने सात वर्षीय मोहम्द अब्बास बताउँछन् । दिनभरि राजधानीको व्यस्त नयाँसडकमा बोरा बिछ्याएर मगन्तेजीवन बिताइरहेका अब्बास आफ्नै बाबुले नै बाटोमा माग्न पठाएको बताउँछन् ।

सडकमा हिंड्ने पैदलयात्रुहरूसँग हात थापेर जम्मा गरेको दैनिक ४०/५० रुपैयाँले घर खर्च चलाउनुपरेको दुःखेसो सुनाउँदै उनी माग्ने काम नगरेमा बिहान-बेलुका हातमुख जोर्ने र आफ्ना बिरामी बाबुको उपचार हुन नसक्ने बताउँछन् । पढ्ने समयमा सडकमा माग्ने काम गर्नुपर्दा र आफ्नो उमेरका बालबालिकाजस्तै झोला बोकेर विद्यालय जाने रहर मोहम्मदमा पनि छ ।

अब्वासजस्तै उनकी १२ वर्षीया दिदी पनि सडकमा पुराना कागज र प्लाष्टिक जम्मा गर्ने काम गर्छिन् । उनले जम्मा पारेको पैसाले घर खर्चमा सहयोग पुगेको अब्वास बताउँछन् । दिनभरि सडकमा हिंड्ने पैदल यात्रुहरू धेरै भए पनि अब्वासलाई पैसा दिनेहरू भने एकदमै कम हुन्छन् । सडकमा बसेर माग्दामाग्दै उनलाई कस्तो मान्छेले पैसा दिन्छन् र कस्ताले दिँदैनन् भन्ने टाढैबाट आउँदै गरेको यात्रीलाई देखेर थाहा हुने कुरा मोहम्मद बताउँछन् ।

आजभोलि राजधानीका सडकहरूमा अब्वासजस्ता धेरै मगन्ते बालबालिकाहरू छन् । यस्ता बालबालिकाहरू कतिपय त बाध्यताले मगन्ते बनेका छन् भने कतिपयलाई आफ्नै बाबुआमाले माग्न पठाउने गरेको पाइन्छ । कतिपय साथीहरूको लहैलहैमा र शहरको आकर्षणले शहर पस्दा मगन्ते बन्न पुगेका पाइन्छन् । त्यस्तै कतिपय बालबालिका बाबुआमाको दबाब र कुटाइबाट पीडित बनेर घरबाट भागेको पाइएको छ । त्यस्तै बाबुआमाको कुटाइ सहन नसकेर घरबाट भागेको बताउने पोखराका जीवन तामाङ अहिले सडकमा मगन्तेजीवन बिताइरहेका छन् ।

यसरी केही आमाबाबुको माया पाउन नसकेका बालबालिका घर छोडेर भाग्दा मगन्ते बन्न पुगेका छन् भने केही आमाको मृत्यु र बाबुले सौतेनी आमा ल्याएकाले घर छोडेर मगन्ते बनेका छन् । असनका कृष्ण लामा, सिन्धुपाल्चोकका श्याम, बालाजुका कान्छा र मकवानपुरका हर्के आमा मरेको र सौतेनी आमाले खान नदिएकोले सडकमा माग्न थालेको बताउँछन् ।

मकवानपुर पालुङका कृष्ण मगर विगत पाँच वर्षदेखि आफूले मागेर ज्यान पालेको र न्यूरोडमै रात बिताउने बताउँछन् । दिनभरि माग्ने र साँझ सडकमै सुत्ने बालबालिकाको पीडा निकै कहालीलाग्दो छ । यसरी भोलिका कर्णधार भनेर चिनिने आजका बालबालिकाहरूप्रति सरकारी तथा अन्य गैरसरकारी निकायले देखाएको चासो नपुग नै देखिन्छ ।

फुटपाथका मगन्ते बालबालिकाको बढ्दो संख्या र उनीहरूको दुःखद अवस्थाप्रति चासो राख्ने अधिवक्ता शशि अधिकारीले सरकारले बालबालिकाको हकहितका लागि उचित कदम चाल्न नसकेको बताउनुहुन्छ । उहाँ बालबालिकाको संरक्षणका लागि बालकल्याण ऐन, २०४८ ले प्रमुख जिल्ला अधिकारीलाई बालकल्याण अधिकारी तोकेको उल्लेख गर्दै सडकका बालबालिकाको अवस्थाप्रति स्थानीय प्रशासन नै जवाफदेही हुनुपर्ने धारणा व्यक्त गर्नुहुन्छ ।

१६ वर्षमुनिका बालबालिकालाई भीक्षा माग्ने काममा प्रयोग गर्न नपाइने कुरा भीक्षा ऐनमा उल्लेख भए पनि कतिपय बालबालिकालाई बाबुआमाले नै माग्न पठाउने हुनाले त्यस्ता बाबुआमालाई पनि दण्डसजाय दिन प्रहरी र प्रशासन पछि हट्न नहुने धारणा कानुनविद्हरूको रहेको छ ।

प्रमुख जिल्ला अधिकारीलाई बालकल्याण अधिकारी तोके पनि बालगृहको अभावले गर्दा काम गर्न अप्ठेरो परेको कुरा ललितपुर जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी माथवर अधिकारी बताउनुहुन्छ ।

फुटपाथका बालबालिकाहरू माग्ने काममा मात्र सीमित छैनन् । उनीहरू अवैध कार्यमा समेत संलग्न रहेको कुरा उपत्यका अपराध अनुसन्धान शाखाका प्रमुख शारदाभक्त रञ्जित बताउनुहुन्छ । उहाँ सडकका बालबालिकाको अवस्थाबारे आफूले हेर्ने नभई उनीको आपराधिक क्रियाकलाप मात्र हेर्ने उल्लेख गर्नुहुन्छ । पाकेटमारदेखि चोरी, डकैती र लागूऔषध ओसार-पसारसम्म सडकका मगन्तेहरू सक्रिय रहेकोले यसलाई कम गर्न सम्बन्धित निकायले उचित कदम चाल्नुपर्छ, प्रमुख रञ्जितको कथन छ ।

फुटपाथका यी मगन्ते बालबालिकाको अवस्था र उनीहरूको दुःखद् भविष्यप्रति न त सरकार चनासो बनेको छ त गैरसरकारी संस्थाहरू नै समस्या समाधानमा सफल भएका छन् । तर, बाल अध्ययन विकास केन्द्रकी अध्यक्ष भुवनेश्वरी सत्याल एकले अर्कालाई दोष दिनुभन्दा सबैले यो समस्यालाई गम्भीरतापूर्वक लिनुपर्ने बताउनुहुन्छ । बालबालिकालाई मगन्ते बन्नुमा समाजमा बढ्दै गएको स्वार्थीपन नै प्रमुख कारण बनेको बताउनुहुन्छ ।

**थारू महिलाहरू अझै पनि सुत्केरी हुँदा अन्न खाँदैनन्**
हेमलता राई

थोत्रो धोती र चोली लगाएकी, चन्दनको टीका अनि नाडी, कान र गलामा तुलसीको माला लगाएकी ख्याउटी र पालती कलापति थरुनी साधारण गाउँले महिलाजस्तै देखिन्छिन् । तर आफ्नो गाउँ र छरछिमेकका महिलाहरूको सामाजिक र आर्थिकस्थित सुधार्न सघाउने उनको संकल्प भने दृढ र असाधारण छ ।

'म बूढी भइसकें, समय थोरै छ काम भने कति हो कति बाँकी छ' थरुनीले आफ्नो हाते घडी हेर्दै भनिन् । तर उनी बाँकी काम धेरै छ भनेर अतालिने महिला भने होइनन् । आफूले सकेको काम छरछिमेक र समाजका लागि गर्नुपर्छ भन्ने उनको धारणा छ ।

समाज परिवर्तनको काम कलापति थरुनीले आफ्नै घरबाट थालेकी छिन् । थारू समुदायका महिलाहरू अत्यन्तै पिछडिएका छन् । अन्धपरम्पराले थारू महिलाहरूलाई सामाजिक, आर्थिक, शैक्षिक र व्यक्तित्व विकासमा मात्र अप्ठ्यारो पारेको होइन, कतिपय अवैज्ञानिक चालचलनका कारण उनीहरूको स्वास्थ्यमा समेत प्रतिकूल असर पारिरहेको छ । यो तथ्य थरुनीले राम्ररी बुझेकी छिन् र यस्ता अन्ध चालचलनलाई परिवर्तन गर्न उनी लागिपरेकी छिन् ।

थारू समाजमा महिलालाई सुत्केरी भएपछि सात दिनसम्म अन्नपानी खान दिइँदैन । सुत्केरी हुनेबित्तिकै आमाले अन्न खाए बच्चा मर्छ भन्ने अन्धविश्वास छ । सातौं दिनमा चोखिएर मात्र सुत्केरीले मुखमा अन्न हाल्न पाउँछे, छ दिनसम्म त उसले दूध मात्र खान पाउँछ ।

त्यस्तै सुत्केरीलाई ओछ्यानमा सुत्न पनि दिइँदैन । उसै त सुत्केरी भएको शरीर उसमा मनग्गे खान र ओछ्याउनको न्यानोमा सुत्न पनि नपाएपछि महिलाहरू रोगी र कमजोर हुन्छन् । कमजोर आमाबाट बच्चालाई पुग्दो दूध आउँदैन । प्रशस्त पौष्टिक आहार नपाएपछि बच्चा पनि रोगी र ख्याउटे हुन्छ पढ्न र बढ्न दुवैमा आफ्ना दौंतरीहरूभन्दा पछि पर्छन् ।

यो कुरा कलापति चरुनीले अहिले राम्ररी बुझेकी छिन् । आफू नमरी स्वर्ग देखिन्न भन्ने त तुक्का नै, कलापतिले पनि आफूले नभोगी चेतना पाएकी भने होइनन् ।

तेह्र वर्षकै उमेरमा उनको बिहे भएको हो । एक्काइस वर्षको हुन्जेल त उनी माइतैमा बसिन् । बुहारी भएर श्रीमान्को घर गएपछि उनले माइतमा भन्दा धेरै काम गर्नुपर्‍यो तर त्यसको दाँजोमा आराम र पौष्टिक खाना भने उनले पाइनन् । सुत्केरी भएपछि कलापति थरुनीले पनि सात दिनसम्म अन्न खान र न्यानोमा सुत्न पाइनन् । बालक छोरी अघाउन्जेल आमाको दूध खान नपाएकीले रोइरहन्थी । बच्चीलाई पखालाले समात्यो र तीन दिनपछि काखकी छोरी भगवान्को प्यारी भइन् । त्यसपछि कलापतिको दोस्रो सन्तान भएन ।

तीस वर्षअगाडिको कुरा हो दस वर्षसम्म रोगले थलिएर कलापति थरुनीका श्रीमान् पनि परमधाम गए । त्यसपछि एक्ली भएकी कलापतिले अर्काको

जुठो भाँडा गरेर जीउ पाल्न थालिन् ।

त्यसैबेला २०३६ सालमा सरकारले कलापति थरुनीको गाउँ मणिग्राममा साना किसान विकास आयोजना आरम्भ गर्‍यो । गाउँलेको समूह बनाउने र सामूकिक जमानीमा ऋण बाँढ्ने कामको थालनी भयो । हरेक काममा महिलाभन्दा अगाडि बढ्ने पुरुषहरू सरकारी काम भनेपछि टकटकिन थाले, आफ्नो श्रीमती र परिवारजनलाई पनि आयोजनामा सहभागी हुन दिएनन् । मणिग्राममा साना किसान विकास आयोजना नै अलपत्र पर्लाजस्तो भयो । छरछिमेकले कर गरे, आयोजना लिएर गाउँ पसेका सरकारी हाकिमहरूले पनि सम्झाई बुझाई गरे, फलस्वरूप पुरुषहरूको बचत समूहको अगुवा विधुवा कलापति थरुनी बनिन् ।

'सरकारी काम हो, गल्ती गरे यही आइमाई थुनिन्छे भनेर मलाई समूहको अगुवा बनाएका हुन् । मलाई लेखपढ गर्न आउँदैन्थ्यो, त्यसैले ल्याप्चे लगाएर आफ्नो काम थालें– कलापति थरुनीले हाँस्दै भनिन् ।

समूहको नाइके भएपछि कलापतिले पोखरामा समूह सञ्चालनको तालिम लिइन्, त्यही लेखपढ गर्न पनि सिकिन् । त्यसपछि भने उनी समाजसेवामा राम्ररी नै लागिन् । गाउँमा कीरा मार्ने विषादी बाँडेर राम्रो काम गरेकीले दुईपटक त उनले खाद्य बचाउ कार्यक्रमको पुरस्कार नै पाइन् । लेखपढ गर्न जान्ने भएपछि उनले भारत र नेपालका पनि धेरै ठाउँहरू भ्रमण गरिन् । नवसाक्षरहरूका लागि छापिएका जनचेतना जगाउने खालका सामग्रीहरू पनि पढिन् । त्यसपछि पो उनले कुरा बुझिन् कि आफू गर्भवती र सुत्केरी हुँदा पौष्टिक आहार नखाएकीले आफू अस्वस्थ भएकाले आफ्नी बालाक छोरी अकालैमा मरेकी रहिछ ।

परार सालको कुरा हो कलापति थरुनीको बहिनीको छोराको बिहे हुने भयो । छोरो २१ वर्षको भए पनि सबैजनाले कलिलो बुहारी खोज्न थाले । कलापतिले भने सबैसँग झगडा गरेरै एउटा अठार वर्ष पुगेकी र आठ कक्षासम्म पढेकी कन्यासँग छोरोको कुरा छिनिदिइन् । पोहोर त बुहारीले एउटी छोरी पनि जन्माइन् ।

बुहारी गर्भवती हुँदा कलापतिले नै कर गरेर बुहारीलाई दुईपटक त जँचाउन लगिन् । सुत्केरी स्याहार्ने जिम्मा पनि उनले नै लिइन् । आफ्नै घरमा ल्याएर बुहारीलाई सुत्केरी भएकै दिनदेखि मासुको झोल, फलफूल र हरियो तरकारी ख्वाइन् । बुहारीको दूधले नातिनी टन्न अघाउने, रुने-कराउने पनि नगर्ने । नातिनी देखेर कलापति र बुहारी दुवै दंग परेका छन् ।

'सुरुसुरुमा त मलाई सबैले बौलाही नै भने । मेरै बहिनीले समेत मेरो कुरा पत्याइन । तर अहिले नातिनी सप्रेकी देखेर दंग छे । म गाउँघरमा गर्भवती र सुत्केरीलाई कसरी स्याहार्ने भनेर सुनाउँदै हिंड्छु । छिमेकीहरू आफ्ना छोरी-बुहारीलाई अस्पताल लाने बेला भयो कि भएन भनेर सोध्न म कहाँ आउँछन्– कलापति थरुनीले भनिन् र हाँस्दै थपिन्– महिला र केटाकेटीको ज्यान जोगाउने काममा लागेकी छु, मलाई पुण्य नै हुन्छ होला ।